# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५ संख्या १० श्रावण २७ गते, २०७८ साल

# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७८ सालको कार्यविधि नं. १०

# गाउँ युवा परिषद् सञ्चालन कार्यविधि, २०७८

मादी गाउँपालिका, कास्की

**पस्तावना :**

युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धन गरी समृद्ध मादी गाउँपालिका निर्माणका लागि सक्षम नागरिकको रुपमा तयार गर्न तथा १६-४० बर्ष उमेर समूहका

सबै खाले युवाहरुको सर्वाङ्गिण विकास, सशक्तिकरण गरी युवा सम्बन्धी विषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकतानुसार उनीहरुलाई संलग्न गराई गाउँ विकासको मूलप्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, “गाउँ युवा परिषद् सञ्चालन कार्यविधि-२०७८” को स्थापना र सञ्चालन गर्न संविधानको धारा २१८ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२(२) ले दिएको अधिकारको प्रयोग गरी यो सञ्चाालन कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस सञ्चालन कार्यविधिको नाम “गाउँ युवा परिषद् सञ्चालन कार्यविधि-२०७८” रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) “गाउँपालिका” भन्नाले मादी गाउँपालिका सम्झनुपर्छ ।

(ख) “कार्यपालिका” भन्नाले मादी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) “वडा समिति” भन्नाले मादी गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

मादी गाउँपालिका, कास्की

(घ) “प्रमुख” भन्नाले मादी गाउँ कार्यपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) “उपप्रमुख” भन्नाले मादी गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) “वडा अध्यक्ष” भन्नाले मादी गाउँपालिका वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मादी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) “सभा” भन्नाले मादी गाउँसभालाई सम्झनुपर्छ ।

(झ) “परिषद्” भन्नाले मादी गाउँ युवा परिषद्लाई सम्झनुपर्छ ।

(ञ) “युवा” भन्नाले १६-४० बर्षसम्मको उमेर भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) “अध्यक्ष” भन्नाले परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

(ठ) “सदस्य सचिव” भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ठ) “सदस्य” भन्नाले परिषद्को सदस्यलाई सम्झनुपर्छ ।

(ड) “समिति” भन्नाले परिषद्को कार्यकारी समितिलाई सम्झनुपर्छ ।

(ढ) “पदाधिकारी” भन्नाले समितिको अध्यक्ष र सदस्य सचिवलाई सम्झनुपर्छ ।

(ण) “सदस्य” भन्नाले परिषद्को समिति सदस्यलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## परिषद्को गठन तथा काम, कर्तव्य, अधिकार

**३.** मादी गाउँपालिका भित्र युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धन गरी समृद्ध मादी गाउँपालिका निर्माणका लागि प्रमुखको प्रस्तावमा यो कार्यविधिको परिच्छेद-२ को

मादी गाउँपालिका, कास्की

दफा ९ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशील व्यक्तिहरु मध्येबाट कार्यपालिकाले देहाय बमोजिमको २५ सदस्यीय परिषद् गठन गर्नेछ :

(क) गाउँपालिका प्रमुखले नियुक्त गरेको - अध्यक्ष

(ख) युवासँग सम्बन्धित विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व हुने गरी २ जना - सदस्य

(ग) युवाको हक, हित संरक्षण र सम्बर्द्धनमा बिशेष योगदान पुऱ्याएका युवाहरु मध्येबाट आदिवासी जनजाति, दलित, अपाङ्गता भएका, अल्पसंख्यकको प्रतिनिधित्व हुने गरी ४ जना - सदस्य

(घ) उद्योग, कृषि, पर्यटन, खेलकूद, विज्ञान प्रविधि, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी ५ जना - सदस्य

(ङ) प्रत्येक वडाबाट एक/एक जना प्रतिनिधित्व गर्ने गरी सम्बन्धित वडाले सिफारिस गरी पठाएका १२ जना - सदस्य

(च) गाउँपालिकाको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

**४.** दफा ३ बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ।

**५.** दफा ३ बमोजिम गठन भएको परिषद्को पदावधि गठन भएको मिति देखि चार (४) वर्ष हुनेछ।

**६.** अध्यक्षले कुनै कारणबाट आफ्नो पदबाट राजीनामा दिन चाहेमा प्रमुख समक्ष र अन्य पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष राजीनामा पेश गर्नुपर्नेछ।

**७.** पदावधिको विचमा राजीनामा दिई, मृत्यु भई, अशक्त भई, फौजदारी अभियोगमा सजाय पाई, बसाई सरी बाहिर गएमा, पदिय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरेमा,

मादी गाउँपालिका, कास्की

गाउँपालिकाबाट फिर्ता बोलाई वा अन्य कारणले समितिको पद रिक्त भएमा बाँकी रहेका पदावधिको लागि मात्र गाउँ कार्यपालिकाले मनोनयन गर्नेछ ।

**८.** परिषद्मा गाउँपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाई बाँकी पदावधिको लागि रिक्त पदमा मनोनयन गर्न सक्नेछ ।

**९.** परिषद्मा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) १६ बर्ष पूरा भई ३५ बर्ष ननाघेको नेपाली नागरिक,

(ख) परिषद्को कार्यवारे पर्याप्त जानकारी भई योगदान पुऱ्याउन सक्ने,

(ग) युवाहरुको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको,

(घ) गाउँपालिकाको नागरिक/गाउँपालिका भित्र बसोबास गरी योगदान पुऱ्याइरहेको,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति

(च) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(छ) बैंक तथा वित्तीय संस्थाको कालो सूचीमा नपरेको व्यक्ति ।

**१०. परिषद्को काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी मादी गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ख) मादी गाउँपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागु गर्ने,

मादी गाउँपालिका, कास्की

(ग) परिषद्सँग आबद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयम् सेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) परिषद्को बार्षिक योजना, कार्यत्रम तथा बजेट स्वीकृत गर्ने,

(च) युवा विकास, सशक्तिकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी बिषयमा मादी गाउँपालिकालाई सुझाव दिने,

(छ) तोकिए बमोजिमको काम गर्ने, गराउने ।

**११. परिषद्को बैठक :** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) परिषद्को बैठकको निर्णयलाई अध्यक्षद्वारा प्रमाणित गरि राखिनेछ ।

(३) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) परिषद्ले आवश्यक ठानेमा परिषद्को कामसँग सम्बन्धित कुनै बिशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

मादी गाउँपालिका, कास्की

## परिच्छेद-३

## कार्यकारी समिति गठन तथा काम, कर्तव्य र अधिकार

**१२.** परिषद्को कार्यकारी निकायको रुपमा देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछ :

(क) परिषद्को अध्यक्ष - अध्यक्ष

(ख) परिषदले मनोनित गरेको प्रतिनिधि -उपाध्यक्ष

(ग) परिषद्का सदस्यहरु मध्येबाट कम्तीमा १ महिला रहनेगरी परिषद्ले मनोनीत गरेका २ जना - सदस्य

(घ) गाउँपालिकाको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

**१३.** कार्यविधिको दफा १२ बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ ।

**१४. कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :** यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) परिषद्को बार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्सँग आबद्ध हुन चाहने संघ, संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) युवालाई समृद्धिको मूल प्रवाहमा परिचालित गर्न अभियानमूलाक कार्य संचालन गर्ने/गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधिनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तिकरण सम्बन्धी प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने/गराउने,

माडी गाउँपालिका, कास्की

(ङ) युवाका लागि स्वरोजगार प्रबर्द्धन तथा उद्यमशीलता अभिबृद्धि सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(च) युवालाई गाउँ विकासमा समाहित गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(छ) युवाको सर्वाङ्गिण विकासका लागि खोज, अध्ययन, अनुसन्धानमूलक कार्य गर्ने/गराउने,

(ज) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(झ) युवालाई गाउँपालिकाको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ञ) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने,

(ट) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने/गराउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**१५. कार्यकारी समितिको बैठक :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठकको निर्णयलाई अध्यक्षद्वारा प्रमाणित गरि राखिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-४

माछापुच्छ्रे गाउँपालिका, कास्की

## कार्यकारी समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

**१६.** कार्यकारी समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) परिषद्को नेतृत्व गर्ने,

(२) परिषद्/कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने,

(३) सदस्य सचिवलाई बैठक वोलाउन आदेश दिने,

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(५) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने,

(६) गाउँपालिका तथा प्रमुखसंग सम्पर्क, समन्वय गर्ने,

(७) परिषद्को कोषको खाता सदस्य सचिवसँग सञ्चालन गर्ने,

(८) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(९) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(१०) पदाधिकारी तथा सदस्यहरुको राजीनामा स्वीकृत गर्ने,

(११) परिषद्को कामको अनुगमन तथा नियमन गर्ने/गराउने,

(१२) परिषद्ले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२) परिषद्को कार्यहरुको अनुगमन गर्ने/गराउने,

(३) परिषद् तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,

(४) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,

(५) परिषद्को तर्फबाट गर्नुपर्ने प्रशासनीक सम्पूर्ण कार्य गर्ने/गराउने,

(६) परिषद्को सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।

(७) परिषद्को कोष सञ्चालन गर्ने ।

(८) परिषद्को नाममा रहेको बैंक खाता अध्यक्षसँग संयुक्त रुपमा सञ्चालन गर्ने ।

(९) कानून बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।

(१०) गाउँपालिकाले तोकेको लेखा परीक्षकद्धारा लेखा परीक्षण गराउने र प्राप्त भएका बेरुजु फर्छ्यौट गर्ने ।

**(ग) उपाध्यक्षको काम कर्तव्य र अधिकार :**

(१) अध्यक्षलाई सहयोग गर्ने,

(२) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने/गराउने,

(३) परिषद्को कार्यहरुको अनुगमन गर्ने/गराउने,

(४) परिषद् तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,

**(घ) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्ष तथा परिषद्/कार्यकारी समितिलाई सहयोग गर्ने ।

(२) बैठकमा सहभागी हुने ।

(३) परिषद्/कार्यकारी समिति तथा अध्यक्षले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## बैठक खर्च सम्बन्धी व्यवस्था

माडी गाउँपालिका, कास्की

**१२. बैठक खर्च सम्बन्धी व्यवस्था :** (१) परिषद तथा कार्यकारी समितिका पदाधिकारी तथा कर्मचारीहरुले देहाय बमोजिम प्रतिव्यक्ति बैठक भत्ता पाउने छन् ।

(क) बैठक भत्ता प्रति बैठक रु. एकहजार

(ग) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि एक व्यक्तिलाई एक दिनमा बढीमा एक वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध गराइनेछ ।

(घ) बैठक भत्तामा नियमानुसार कर कट्टी हुनेछ ।

(२) बैठकमा सहभागी व्यक्तिहरुको लागि पानी तथा खाजा खर्च वापत बढीमा प्रति व्यक्ति दुई सय पचास रुपैयाँ सम्म खर्च गर्न सकिने छ ।

## परिच्छेद-६

## परिषद्सँगको आबद्धता र कार्यक्रम सञ्चालन

**१७. युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्ने :** (१) युवाको हक, हित र अधिकारको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी कुनै संघ, संस्था परिषद्मा आबद्ध हुन चाहेमा देहायको विवरण

खुलाई परिषद् समक्ष निवेदन दिनुपर्नेछ :

- संघ वा संस्थाको नाम
- संघ वा संस्थाको उद्देश्य
- संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि,
- संघ वा संस्थाको कार्य समितिको पूण विवरण ।

(२) दफा १७ को उपदफा (१) बमोजिम निवेदन दिँदा सम्बन्धित संघ वा संस्थाको विधान समेत संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवदेन सहित कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघ, संस्थालाई पारिषद्सँग आबद्धता प्रदान गर्न उपर्युक्त देखिएमा परिषद्ले तोके बमोजिमको दस्तुर लिई सो संघ वा
संस्थालाई परिषद्ले आबद्धता प्रदान गर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिषद्मा आबद्धता पाएका संघ वा संस्थाले आफूले बर्षभरी गरेको कामको प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र परिषद् समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद-६

## परिषद्को कोष

**१८. परिषद्को कोष :** (१) परिषद्को आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्रोत देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको बार्षिक बजेटको रुपमा उपलब्ध हुने रकम,

(ख) कुनै व्यक्ति वा संघ, संस्थाबाट प्राप्त हुने दान, दातव्य, अनुदान रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्दा प्राप्त रकम,

(ङ) प्रकाशन बिक्रीबाट प्राप्त हुने रकम,

(च) प्रतियोगिता सञ्चालनबाट प्राप्त हुने रकम,

(छ) सेवा सञ्चालनबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

मादी गाउँपालिका, कास्की

(३) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) परिषद्को बैंक खाताको सञ्चालन अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गरिनेछ।

(६) परिषद्को आर्थिक बर्ष गाउँपालिकाको आर्थिक बर्ष सरह हुनेछ।

(७) परिषद्को कोष सञ्चालन तोकिए बमोजिम हुनेछ।

**१९. लेखा परीक्षण :** (१) परिषद्ले आफ्नो आय, व्यय नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नुपर्नेछ।

(२) आर्थिक बर्ष समाप्त भएको दुई महिनाभित्र गाउँपालिकाले परिषद्ले तोकेको लेखा परिक्षकबाट लेखा परीक्षण गराई गाउँपालिकामा प्रतिवदेन पेश गर्नुपर्नेछ।

(३) गाउँपालिकाले परिषद्को आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी, जिन्सी जुनसुकै बखत जाँच्न र जाँच्न लगाउन सक्नेछ।

## परिच्छेद-७

## कार्यालय, कर्मचारी व्यवस्था, छाप तथा सेवा सुबिधा

**२०.** परिषद्को बेग्लै कार्यालय रहनेछ।

**१८.** परिषद्को कार्यालय गाउँपालिकाले निर्धारण र उपलब्ध गराएको स्थान र भवनमा रहनेछ।

**१९.** परिषद्लाई आवश्यक पर्ने कर्मचारी व्यवस्था गाउँपालिकाले गर्नेछ र कर्मचारीको आर्थिक दायित्व समेत गाउँपालिकाले वहन गर्नेछ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

२०. कर्मचारी र अन्य आवश्यकताबारे कार्यकारी समितिले गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ ।

२१. परिषद्को बेग्लै छाप, लेटर प्याड, साइन बोर्ड हुनेछ ।

२२. परिषद्को छाप परिषद्को समिति गठनपछि परिषद्को बैठकले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. कार्यकारी समितिका अध्यक्षलाई मासिक दश हजार रुपैया तथा उपाध्यक्षलाई मासिक सात हजार, कार्यकारी समिति सदस्यहरुलाई मासिक पाँच हजार रुपैयाँ ब्यवस्थापन खर्च उपलब्ध गराईने छ ।

## परिच्छेद-८
## विविध

**२३. संशोधन :** (१) गाउँ युवा परिषद् संचालन कार्यविधि-२०७५ को संशोधन गर्न आवश्यक भएमा परिषद्ले तयार गरी प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त लागेमा प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र सञ्चालन निर्देशिका संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**२४. सपथ :** परिषद्को पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ-आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्षले प्रमुखबाट र सदस्यहरुले अध्यक्षबाट तोकिए बमोजिम सपथ लिनुपर्नेछ ।

माछापुच्छ्रे गाउँपालिका, कास्की

मादी गाउँपालिका, कास्की

अनुसूची-१

पद तथा गोपनीयताको शपथको ढाँचा

म ..................................... नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक इश्वरको/देश र जनताको नाममा शपथ लिन्छु कि म गाउँ युवा परिषदको अध्यक्ष पदको जिम्मेवारी बहन गर्दा प्रचलित कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

सही : ..............................................

नम थर : ........................................

पद : ...............................................

मादी गाउँपालिका, कास्की

**अनुसूची-२**

**मादी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, कास्की**

**<u>नियुक्तिपत्रको ढाँचा</u>**

विषय : गाउँ युवा परिषदको अध्यक्ष पदमा नियुक्ति ।

श्री ...............................................

................................................... ।

यस मादी गाउँपालिकाको गाउँ युवा परिषद रही कार्यविधि बमोजिम तथा तोकिएका कार्य गर्न तपाईंलाई मिति २०....../......./....... देखि मिति २०....../......./...... सम्म युवा परिषदको अध्यक्ष पदमा नियुक्त गरिएको छ । गाउँ युवा परिषद संचालन कार्यविधि, २०७८ बमोजिम सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

.................

अध्यक्ष

मादी गाउँपालिका

**आज्ञाले**

**नारायण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

मादी गाउँपालिका, कास्की